**माडी गाउँपालिकाको सम्मानित १७ औ गाउँसभा २०८२/०३/१० गते मंगलबार गाउँपालिकाका आर्थिक विकास समितिका संयोजक श्री खड्क बहादुर पुनज्यूले प्रस्तुत गर्नु भएको**

**आर्थिक वर्ष २०८२/०८३ को**

# बजेट वक्तव्य

## माडी गाउँपालिका

**घर्तिगाउँ, रोल्पा**

लुम्बिनी प्रदेश, नेपाल।

सभाध्यक्ष एव गा.पा अध्यक्ष ज्यू
गाउसभा सदस्य ज्यूहरु,
सचिवालयका कर्मचारी मित्रहरु,
पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु,
सम्पूर्णमा नमस्कार,

- यस माडी गाउँपालिकाको गरिमामय १७ औ अधिवेशनमा गा.पा उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट सभाध्यक्ष ज्यूको अनुमतिमा आर्थिक विकास समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।
- गाउँपालिकाको आगामी सोच एवं जनआकाङ्क्षा समेटिएको आर्थिक वर्ष २०८२/०८३ को नीतिलाई कार्यक्रम र बजेट मार्फत व्यवहारिक रुपमा कार्यान्वयन ल्याउनका लागि नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम १७ औ अधिवेशनमा आ.व.२०८२/०८३ को आय र व्यय अनुमान प्रस्तुत गरिरहदाँ अत्यन्त गर्वको महशुस गरेको छु।
- यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै संघीय शासन पद्धतिलाई आत्मसात गर्दै राष्ट्रियता, स्वाधीनता, समाजिक न्याय, समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नुहुने महान् नेपाली जनता र सो अभियानमा सफल नेतृत्व गर्नुहुने व्यक्तित्वहरुप्रति हार्द्धिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।
- यो बजेटले गाउँपालिकाको जनअपेक्षालाई क्रमशः सम्बोधन गर्दै गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि, दिगो पूर्वाधार, नवप्रर्वतन एवं उधमशिलता तथा उत्थानशील विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छु।
- **कृषि, पशुपंक्षी, जडिबुटी र दिगो पूरवाधारः समृद्ध माडीको आधार** भन्ने मुल नारालाई आत्मासाथ गर्दै कृषि तथा पशुपंक्षी उत्पादन, जडिवुडी पहिचान, स्वास्थ्य, शिक्षा, रोजगारी, खानेपानी, दिगो पूर्वाधार विकास निर्माण तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गरी माडीवासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउने गाउँपालिका कटिबद्ध रहेको जानकारी गराउन चाहन्छु।
- नेपालको संविधान, संघीय तथा लुम्बिनी प्रदेश सरकारबाट जारी ऐन, नियम तथा स्थानीय सरकार संचालनको मार्गदशनको रुपमा रहेको स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँपालिकाको अर्थ विधेयक, २०८२, आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम, संघीय तथा लुम्बिनी प्रदेश सरकारको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधी, २०७७, गाउँपालिकाका विषयगत समितिका सुझावहरु, गाउँसभाका सदस्यज्यूहरुले दिनुभएका सुझावहरु, विज्ञ महानुभावका सुझावहरु, दिगो विकासका लक्ष्य, राजनीतिक दलहरु, संञ्चारकर्मी, नागरिक समाज, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझाव र माडीवासी दिदीबहिनी तथा दाजुभाईहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुलाई समेटी आ.व.२०८२/०८३ को तर्जुमा र सोको कार्यान्वयन गर्न अनुमानित आय र व्यय प्रस्तुत गरिएको छ।

**सभाध्यक्ष एवं सभाका सदस्य ज्यूहरु,**

**अव म चालु आ.व. २०८१/८२ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- चालु आ.ब का लागि संघीय सरकारबाट विनियोजन भएको समानिकरण अनुदान ७ करोड ८८ लाख मध्ये रु ६ करोड ३८ लाख १४ हजार प्राप्त भएको, राजश्व बाँडफाँड तर्फ रु ८ करोड ४६ लाख १ हजार मध्ये असारको पहिलो हप्तासम्म सम्म रु ७ करोड ५ लाख १० हजार ४ सय ३४ प्राप्त भएको र सशर्त अनुदान तर्फ रु १७ करोड ८१ लाख ३६ हजार मध्ये १६ करोड ४७ लाख ५६ हजार १ सय ३० रुपैयाँ प्राप्त भएको छ । साथै प्रदेश समानीकरण तर्फ रु ५० लाख ११ हजार मध्ये रु ५० लाख ११ हजार नै प्राप्त भएको, सशर्त अनुदान तर्फ रु १ करोड ५ लाख मध्ये ५२ लाख ५० हजार प्राप्त भएको, समपुरक तर्फ रु १ करोड मध्ये रु ८५ लाख प्राप्त भएको र राजश्व बाँडफाँड तर्फ रु ३८ लाख ८ हजार मध्ये रु ४० लाख ४० हजार ३ सय ३८ प्राप्त भएको छ ।
- गाउँपालिकाको कूल राजश्व अनुमान रु ५० लाख रहेकोमा २०८२ असारको पहिलो हप्तासम्म सम्म रु २१ लाख १६ हजार ९ सय ४२ रुपैयाँ आन्तरिक आय संकलन भएको छ ।

**सभाध्यक्ष एवं गाउँसभाका सदस्यज्यूहरु,**

यस गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई अधिकतम परिचालन गरी माडी गाउँपालिकालाई नमूना गाउँपालिकको रुपमा विकास गर्न र **कृषि पशुपंक्षी जडीबुटी र दीगो पूर्वाधारः समृद्ध माडीको आधार** भन्ने दीर्घकालीन सोचका साथ आगामी आ.व.को लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**बजेट तथा कार्यक्रमका उद्देश्यहरुः**

- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच सवै गाउँवासीमा सुनिश्चित गर्ने,
- स्वास्थ्य सरसफाइ  तथा स्वच्छ खानेपानी एवं पोषणमा लगानी गरी आम नागरिकको जीवनस्तरमा सुधार गर्ने
- कृषि तथा पशुपालन व्यवसायलाई उत्पादनमूलक आत्मनिर्भर बनाउदै रोजगारीका अवसर सिर्जना गर्ने र बजारीकरणको सुनिश्चितता गर्ने
- भू-उपयोग वर्गीकरण गर्ने
- स्थानीय श्रोत साधनको समुचित परिचालन मार्फत सामाजिक न्याय सहितको दीगो आर्थिक वृद्धि गर्ने
- वातावरणमैत्री तथा स्तरीय पूर्वाधार विकास गरी दीगो विकास नीति अवलम्बन गर्ने
- सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणका लागि लक्षित वर्गको हित अनुकूल कार्यक्रमहरु संचालन गर्ने
- सेवा प्रवाहलाई जनमूखी, प्रभावकारी र सर्वसुलभ बनाई सुशासन कायम गर्ने
- प्रविधिमा आधारित अनुगमन तथा मुल्याङ्कन गर्ने
- संघ र प्रदेश सरकारका नीति तथा कार्क्रमसंग सहकार्य र समन्वय गरी विभिन्न योजना तथा कार्यक्रमहरु निर्माण तथा संचालन गर्ने

**बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम पहिचान गरेको छु ।**

- कृषि, पशुपालन, बजारीकरण र रोजगारी सृजना
- आधारभूत शिक्षा तथा शैक्षिक सुधार कार्यक्रम

- आधारभूत स्वास्थ्य तथा पोषण सुधार एवं खानेपानी तथा सरसफाइ
- स्थानीय स्रोत साधन परिचालनमा जनसहभागिता
- स्थानीय पुर्वाधार निर्माण, हरित विकास तथा पर्यटन प्रवर्द्धन
- ज्येष्ठ नागरिक अपाङ्ग अशक्त तथा असहाय व्यक्ती लक्षित कार्यक्रम
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- गुणस्तरीय सेवा प्रवाह संस्थागत विकास र सुशासन प्रवर्द्धन
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
- समन्वय र सहकार्य

उल्लेखित उदेश्य एवं प्राथमिकता कार्यान्वयन गर्न नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, निजी तथा सहकारी क्षेत्र, गैर सरकारी संघ संस्था, स्थानीय टोलविकास संस्थाको अधिकतम समन्वय एवं साझेदारी गरिनेछ।

**सभाध्यक्ष एवं गाउँसभाका सदस्य ज्यूहरु,**

अव म आगामी आर्थिक वर्ष २०८२/८३ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- आगामी आ.व. को नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न कुल व्यय रु.४२ करोड ४२ लाख ९४ हजार ९ सय ७६ रुपैयाँ विनियोजन गरेको छु।
- आगामी आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु.६० लाख, चालू आ.वमा खर्च नभइ बाँकी रहने अनुमानित रकम रु.३० लाख, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान रु ८ करोड ७० लाख, राजश्व बाँडफाँड रु.८ करोड ५९ लाख ५५ हजार ९ सय ६८ रुपैयाँ, विशेष अनुदान रु.२ करोड ८० लाख, समपूरक अनुदान रु.१ करोड ४२ लाख र सशर्त अनुदान रु १७ करोड ७६ लाख ८ रुपैया को बजेट प्राप्त भएको छ।

- प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान रु.५२ लाख ८९ हजार, राजश्व बाँडफाँड रु.८० लाख ५० हजार, सशर्त अनुदान रु.६० लाख, समपूरक अनुदान रु.७५ लाख र विशेष अनुदान रु.२० लाख को सीमा प्राप्त भएको व्यहरा अनुरोध गर्दै अन्य संघ संस्था र प्रदेश सरकारबाट पछि प्राप्त हुने बजेटलाई प्राप्त भएपछि समावेश गरी बजेटको एकिकृत रुप तयार गरिएको छ।

**सभाध्यक्ष एवं गाउँसभाका सदस्य ज्यूहरु,**

अव म क्षेत्रगत रुपमा तय गरिएका प्रस्ताविक कार्यक्रम तथा विनियोजित भएको बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**पूर्वाधार विकास तर्फः**

- गत वर्ष सञ्चालन भएका तर पूरा नभएका योजनालाई निरन्तरता दिईएको छ। निर्माण भएका सडकहरुको स्तरोन्नती र दीगोपना कायम गर्नका साथै गाउँको पैसा गाउँमै रहोस भन्ने अभिप्रायले मर्मत गर्नुपर्ने सडकहरुलाई विशेष अवस्थामा बाहेक श्रममा आधारित बनाईने व्यवस्था मिलाइएको छ ।यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- संघ र प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाका मुख्य सडक, खानेपानी, सिंचाई लगायतका योजना कार्यान्वयनका लागि बजेट सुनिश्चित गरिएको छ। गाउँपालिका भित्रका मुख्य सडकहरु लगायत ठूला आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

- गाउँपालिका क्षेत्रका विद्यालयहरुमा शैक्षिक वातावरणको प्रभावकारी व्यवस्थापनका लागि विद्यालय भवन निर्माण, प्रविधमैत्री शिक्षा बालमैत्री कक्षाकोठा निर्माण र क्षमता विकास गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पालिका भित्रका आकस्मिक भैपरी आउने अत्यावश्यक भौतिक पूर्वाधार विकास र मर्मत संभारका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- खानेपानी तथा सरसफाइ र सिंचाइमा आवश्यक बजेट विनियोजन गरेको छु ।
- प्रदेश सरकारबाट समपूरक योजना कार्यान्वयनका लागि रु ५० लाख वजेट विनियोजन गरको छु ।
- संघीय सरकारबाट समपूरक अनुदान तर्फ घर्तिगाउँ जगरबोट मो.बा स्तरउन्त्रि तथा कालोपत्रे निर्माणका लागि रु.१ करोड ४२ लाख प्राप्त भएकोले सो योजना निर्माण गर्न रु ६२ लाख पालिकाबाट विनियोजन गरेको छु। समग्रमा पूर्वाधार विकासका लागि रु ६ करोड ४३ लाख ५२ हजार बजेट विनियोजन गरेको छु ।

**आर्थिक विकास तर्फः**

- माडी गाउँपालिकाको कृषि पशुपंक्षी जडीबुटी र दीगो पूर्वाधारः समृद्ध माडीको आधार भन्ने नारालाई सार्थक बनाउनका लागि कृषि पशुपालन पर्यटन उद्यमशीलताका क्षेत्रमा केन्द्रित भई कार्यक्रमहरु संञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
- कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्न विउ वितरण, बाली संरक्षण, तरकारी एवं फलफुल खेती लगाएतका कार्यक्रम गर्नका लागि रु ७ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाबाट लागत साझेदारी गरी स्मार्ट कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रम गर्नका लागि रु १ करोड बजेट विनियोजन गरेको छु ।
- पशु स्वास्थ्य शिविर सञ्चालन, औषधि तथा घाँसको विउ वितरणका लागि ७ लाख बजेट विनियोजन गरेको छु ।
- माडी गाउँपालिकाको क्षेत्रमा कृषि तथा पशु विकासको माध्यमबाट समृद्ध माडी बनाउन त्यस क्षेत्रको व्यवसायीकरण गर्न जरुरी ठानिएको छ । समग्रमा आर्थिक विकास क्षेत्रमा रु १ करोड ४४ लाख लाख ६५ हजार बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फः**

- २१. स्वास्थ्य सेवालाई गुणस्तरीय र पहुँचयोग्य बनाई आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालनका लागि रु ३० लाख विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रमा आमूल परिपर्तन गर्दै यसलाई सुदृढ, दीगो समावेशी र सर्वसुलभ बनाउन र यस क्षेत्रको समग्र विकास र प्रवर्द्धनका लागि नीतिगत संरचनागत एवं जनशक्तीगत व्यवस्थापन गर्न रु २ करोड ७५ लाख रकम विनियोजन गरेको छु।
- महिला बालबालीका जेष्ठ नागरिक लगायत लक्षित वर्गसंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न महिला तथा बालबालिका तर्फ रु ८ लाख विनियोजन गरेको छु ।
- सामाजिक विकास तर्फका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न समग्रमा रु २ करोड ५६ लाख ३ हजार विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

- वन तथा वातावरण व्यवस्थापनका लागि वृक्षारोपण रिचार्ज पोखरी र मूल संरक्षण कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

- बजार क्षेत्रमा संकलन हुने फोहोरको उचित व्यवस्थापन गरी स्वच्छ र सफा राख्न  फोहोरमैला व्यवस्थापनका  लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।
- विभिन्न प्रकोपहरुबाट नागरिकहरुलाई बचाउन तथा तीनको व्यवस्थापन गर्न प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि रु ३० लाख ५० हजार वजेटको व्यवस्था गरेको छु ।

**सुशासन तथा संस्थागत विकास तर्फः**

- सञ्चार जगतसंग समन्वय गरी मिडिया सहकार्य, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- कार्यालयको संस्थागत क्षमता विकास गर्न जनप्रतिनिधि तथा कर्मचारी हरुका लागि आवश्यक तालिम, अभिमुखिकरण गोष्ठी सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।
- विकास निर्माण कार्यलाई पारदर्शि र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरुलाई थप जिम्मेवार बनाउन क्षमता विकासका कारयक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

साथै प्रत्येक वडालाई जनसंख्या र भूगोलको आधारमा न्युनतम रु २० लाख र अधिकतम रु ३५ लाख बजेट निर्धारण गरी कार्यक्रम संञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष एवं सभा सदस्य ज्यूहरु,**

**अव म आ.व.२०८२/०८३ को विस्तृत शिर्षकगत बजेट बाँडफाडको विरण प्रस्तुत गर्ने अनुमती चाहान्छु।**

जुन अनुसूची २ र ३ मा संलग्न गरिएको छ।

**अन्त्यमा,**

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने गा.पा अध्यक्ष ज्यू, कार्यापालिकाको सदस्य ज्यू गाउँसभा सदस्य ज्यू विज्ञ महनुभाव राजनितिक दलका प्रतिनिधि एवं राजनीतिज्ञ संचार जगत नागरिक समाज निजी क्षेत्र एवं विकास सहयात्री लगाएत सम्पूर्ण माडी वासी दाजुभाई दिदीबहिनी तथा अहोरात्र कटिने गाउँपालकाका राष्ट्र सवेक कर्मचारी मित्रहरुलाई धन्यवाद् ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यय समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित गाउँसभा समक्ष जानकारी गराउछु।

**धन्यवाद ।**

**संयोजक**

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

| आ.व.२०८२/०८३ मा नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त अनुमानित स्रोत विवरण तथा स्थानीय तहको व्यवस्थापन | | | |
|---|---|---|---|
| क्र.स | विवरण | रकम | अक्षरमा |
| १ | संघीय अनुदान समानीकरण | ८०७००००० | आँठ करोड सात लाख रुपैया मात्र । |
| २ | संघीय अनुदान सशर्त | १७७६००००८ | सत्र करोड छेहत्तरी लाख आँठ रुपैयाँ मात्र। |
| ३ | संघीय राजश्व बाँडफाड | ८५९५५९६८ | आँठ करोड उन्नासठ्ठी लाख पच्चपन्न हजार नौ सय अरसठ्ठी रुपैया मात्र । |
| ४ | संघीय विशेष अनुदान | २८०००००० | दुई करोड असी लाख रुपैयाँ मात्र । |
| ५ | संघीय सम्पुरक अनुदान | १४२००००० | एक करोड वयाँलिस लाख रुपैयाँ मात्र । |
| | **जम्मा** | **३८६४५५९७६** | **अरतीस करोड चौसठ्ठी लाख पचपन्न हजार नौ सय छेहत्तर रुपैयाँ मात्र।** |
| १ | प्रदेश अनुदान वित्तीय समानीकरण | ५२८९००० | बाउन लाख उनानब्बे हजार रुपैयाँ मात्र। |
| २ | प्रदेश अनुदान शसर्त | ६०००००० | साठ्ठी लाख रुपैया मात्र । |
| ३ | प्रदेश विशेष अनुदान | २०००००० | बीस लाख  रुपैया मात्र । |
| ४ | प्रदेश राजश्व बाँडफाड | ८०५०००० | असी लाख पचासँ हजार रुपैयाँ मात्र । |
| ५ | प्रदेश सम्पुरक अनुदान | ७५००००० | पचह्तर लाख रुपैयाँ मात्र । |
| ६ | **जम्मा** | **२८८३९०००** | **दुई करोड अठासी लाख उन्नाई हजार मात्र ।** |
| ७ | आन्तरिक राजश्व | ६०००००० | साठ्ठी लाख रुपैयाँ मात्र । |
| ८ | अल्या | ३०००००० | तीस लाख रुपैयाँ मात्र । |
| | **जम्मा** | **९०००००००** | **नब्बे लाख रुपैयाँ मात्र।** |
| | **कुल जम्मा** | ४२४२९४९७६ | **वयाँलीस करोड वयालीस लाख चौरानब्बे हजार नौ सय छेहत्तर रुपैयाँ मात्र।** |

| गाउँपालिका चालु तर्फ विनियोजित शिर्षक | | | |
|---|---|---|---|
| क्र.स | विनियोजित शिर्षक | रकम | अक्षरमा |
| १ | पारिश्रमिक कर्मचारी | २७१०४७१६ | दुई करोड एकहत्तर लाख चार हजार सात सय सोह्र रुपैयाँ मात्र । |
| २ | जोखिम भत्ता | २०४००० | दुई लाख चार हजार रुपैयाँ मात्र । |
| ३ | पदाधिकारी अन्य सुविधा | ७५००००० | पचहत्तर लाख रुपैयाँ मात्र । |
| ४ | पानी र बिजुली | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| ५ | संचार महसुल | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| ६ | ईन्टर नेट | ५००००० | पाँच लाख रुपैयाँ मात्र। |
| ७ | ईन्धन डोजर कार्यालय प्रयोजन | १५००००० | पन्धँ लाख रुपैयाँ मात्र । |
| ८ | ईन्धन कार्यालय प्रयोजन | ८००००० | आँठ लाख रुपैया मात्र । |
| ९ | सवारी साधन मर्मत खर्च | १९००००० | उनाईस लाख रुपैयाँ मात्र । |
| १० | बिमा तथा नविकरण | ४००००० | चार लाख रुपैयाँ मात्र । |
| ११ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च(मेसिनरी खरिद) | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| १२ | फोहोर मैला व्यवस्थापन | ५००००० | पाँच लाख रुपैयाँ मात्र। |
| १३ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १८००००० | अठार लाख रुपैयाँ मात्र । |

| | | | |
|---|---|---|---|
| १४ | अन्य कार्यालय संचालन खर्च | ५००००० | पाँच लाख रुपैयाँ मात्र। |
| १५ | सेवा र परामर्श खर्च | २८०००००० | अट्ठाईस लाख रुपैया मात्र । |
| १६ | करार सेवा शुल्क | १७०९४७५२ | एक करोड सहत्तर लाख चौरानब्बे हजार सात सय बाउन्न रुपैया मात्र । |
| १७ | ऐन नियम कार्यविधि निर्देशिका निर्माण तथा परिमार्जन | २००००० | दुई लाख रुपैयाँ मात्र । |
| १८ | माडी खेलकुद विकास समिति | ५००००० | पाँच लाख रुपैयाँ मात्र। |
| १९ | माडि प्रतिष्ठान | ५००००० | पाँच लाख रुपैयाँ मात्र। |
| २० | छपाई सम्बन्धी कार्यक्रम | ५००००० | पाँच लाख रुपैयाँ मात्र। |
| २१ | उपभोक्ता समितिलाई अभिमुखिकरण कार्यक्रम | २००००० | दुई लाख रुपैयाँ मात्र । |
| २२ | समृद्ध माडी रेडियो कार्यक्रम | २००००० | दुई लाख रुपैयाँ मात्र । |
| २३ | न्याय व्यवस्थापन तथा सुशासन | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| २४ | पत्र पत्रिका छपाई र सूचना प्रकाशन | २००००० | दुई लाख रुपैयाँ मात्र । |
| २५ | स्काउट कार्यक्रम | १५०००० | एक लाख पचाँस हजार रुपैयाँ मात्र । |
| २६ | दलित सचेतना कार्यक्रम | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| २७ | सार्वजनिक सुनुवाई कार्यक्रम | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| २८ | तालिम गोष्ठि जनप्रतिनिधी/कर्मचारी | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| २९ | अनुगमन मुल्याङ्कन खर्च | ६००००० | छ लाख  रुपैया मात्र। |
| ३० | कर्मचारी भ्रमण खर्च | ८००००० | आँठ लाख रुपैयाँ मात्र। |
| ३१ | पदाधिकारी भ्रमण खर्च | ८००००० | आँठ लाख रुपैयाँ मात्र। |
| ३२ | अन्तर जिल्ला भ्रमण खर्च | २५०००० | दुई लाख पचास हजार रुपैया मात्र । |
| ३३ | कर्मचारी सरुवा भ्रमण खर्च | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| ३४ | विवध खर्च | २५००००० | पच्चीस लाख रुपैयाँ मात्र। |
| ३५ | कार्यालय फनिसिङ्ग | १०००००० | दश लाख रुपैया मात्र । |
| ३६ | सभा संचालन खर्च | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| ३७ | फिल्ड भत्ता र प्रोत्साहन | ९००००० | नौ लाख रुपैयाँ मात्र। |
| ३८ | अन्य भत्ता | ६४८००० | छ लाख अर्चालिस हजार रुपैया मात्र। |
| ३९ | बस पार्क भाडा | १००००० | एक लाख रुपैयाँ मात्र । |
| ४० | शहरी आखा केन्द्र | ६००००० | छ लाख रुपैयाँ मात्र । |
| ४१ | म्याचिङ्ग | २५००००० | पच्चीस लाख रुपैयाँ मात्र। |
| ४२ | घरभाडा | ४००००० | चार लाख रुपैयाँ मात्र। |
| ४३ | गत आ.वको भुक्तानी बाँकी | ० | |
| | **जम्मा** | **७८८५१४६८** | **सात करोड अठासी लाख एकाउन्न हजार चार सय अर्सठी रुपैयाँ मात्र।** |

**गाउँपालिका पूँजीगत विनियोजित शिर्षक**

| क.स | विनियोजित शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | गा.पाका सबै मोटरबाटो मर्मत र सरसफाई | ६०००००० | साठ्ठी लाख रुपैया मात्र । |
| २ | तालावाङ्ग स्वास्थ्य चौकी फिनिसिङ्ग | ७००००० | सात लाख रुपैयाँ मात्र। |
| ३ | नेपाल राष्ट्रिय मा.वि विद्यालय भवन निर्माण माडी-४ | २२००००० | बाईस लाख रुपैयाँ मात्र। |
| ४ | भू वर्गीकरण | १३००००० | तेह लाख रुपैयाँ मात्र |
| ५ | रिजावाङ्ग तालावाङ्ग मो.बा स्तर उन्नति | १५००००० | पन्धँ लाख रुपैया मात्र । |

| | | | |
|---|---|---|---|
| ६ | दामाङ्ग क्लव भवन निर्माण | ६००००० | छ लाख रुपैयाँ मात्र। |
| ७ | हिपाल खानेपानी निर्माण | ५००००० | पाँच लाख रुपैयाँ मात्र । |
| ८ | कुनाखोले खोरबारे र अधुरो कृष्ण मा.वि जोड्ने मो.बा | १०००००० | दश लाख रुपैयाँ मात्र । |
| ९ | आरलनेटा गुरी मो.बा निर्माण | ५००००० | पाँच लाख रुपैयाँ मात्र । |
| १० | कालाभिर घोर्नेटी ओखरबोट खोला रिङ्कु तुसार पानी बलाखोरे जोड्ने मो.बा | २५००००० | पच्चीस लाख रुपैयाँ मात्र। |
| ११ | पुरानगाउँ चिउरावोट गोरेटोबाटो र लसुने सिंचाई पोखरी निर्माण | ७००००० | सात लाख रुपैयाँ मात्र। |
| १२ | माथिल्लो कालिमाटी हासिखोला टोल खा.पा | ३००००० | तीन लाख मात्र। |
| १३ | ठुलो बुढागाउँ एक घर एक धारा निर्माण | २०००००० | बीस लाख मात्र । |
| १४ | कहिनीखोला हिले लिफ्टिङ्ग खा.पा एक घर एक धारा | ४००००० | चार लाख रुपैयाँ मात्र । |
| १५ | उपाध्यक्षसँग महिला कार्यक्रम | ४००००० | चार लाख मात्र। |
| १६ | जनतासँग अध्यक्ष कार्यक्रम | २०००००० | बीस लाख मात्र । |
| १७ | तरकारी संकलन केन्द्र घर्तिगाउँ | ८००००० | आठँ लाख रुपैयाँ मात्र । |
| १८ | सहिदमार्ग कृष्ण मा.वि जाने बाटो ढलान | ३००००० | तीन लाख रुपैयाँ मात्र । |
| १९ | पारिवाङ्ग दह डि.बि.सी पोखरी निर्माण | ४००००० | चार लाख रुपैयाँ मात्र । |
| २० | धाराखोला पारिवाङ मोटरबाटो निर्माण | ६००००० | छ लाख रुपैयाँ मात्र। |
| २१ | विपद जोखिम न्यूनिकरण | १०००००० | दश लाख रुपैयाँ मात्र । |
| २२ | पाछ्वावाङ्ग झौवाङ्ग ताङ्गधारा मोटरबाटो स्तर उन्नती | १०००००० | दश लाख रुपैयाँ मात्र । |
| २३ | एनावाङ्ग खा.पा मर्मत | ६००००० | छ लाख रुपैयाँ मात्र। |
| २४ | वाईवाङ् गाउँघर क्लिक भवन निर्माण | २००००० | दुई लाख रुपैयाँ मात्र । |
| २५ | मजवाङ्ग बाछे दहवाङ्ग मो.बा मर्मत | ८००००० | आठ लाख मात्र। |
| २६ | माडी प्रोजेक्ट | १०००००००० | एक करोड रुपैया मात्र । |
| २७ | मिसिडाँडा तिखे ढुङ्गा लागा मोटरबाटो निर्माण | ६००००० | छ लाख रुपैयाँ मात्र। |
| २८ | पनथोक टो.वि संस्थाको भवन व्यवस्थापन र घेरबार | २५०००० | दुई लाख पचासँ हजार रुपैयाँ मात्र । |
| २९ | डिम्मर चौर खेल मैदान | ९००००० | नौ लाख रुपैयाँ मात्र । |
| ३० | सिस्ने भस्माखोर मो.बा स्तर उन्नती | ७००००० | सात लाख रुपैयाँ मात्र। |
| ३१ | ६ नं. वडा कार्यालयको घेरबार मर्मत र गेट निर्माण | ३५०००० | तीन लाख पचाँस हजार रुपैयाँ मात्र । |
| ३२ | लाङ्गजा सिर्पा मो.बा निर्माण | २००००० | दुई लाख रुपैयाँ मात्र। |
| ३३ | गोगण पानी पनेरा निर्माण योजना माडी-६ | १००००० | एक लाख रुपैयाँ मात्र । |
| ३४ | खुम्वासा शिशु भवन निर्माण | ३००००० | तीन लाख मात्र। |
| ३५ | भार्ते खानेपानी निर्माण योजना | ४००००० | चार लाख रुपैयाँ मात्र । |
| ३६ | वाङ्गमा शौचालय निर्माण | १५०००० | एक लाख पचास हजार मात्र। |
| ३७ | नवाङ्ग फिल्ड निर्माण | २५०००० | दुई लाख पचासँ हजार रुपैयाँ मात्र । |
| ३८ | बोगल्जा देखि ओखर गैरा मो.बा निर्माण | २००००० | दुई लाख मात्र। |
| ३९ | बोगल्जा सिंचाई पोखरि निर्माण तथा मर्मत | २५०००० | दुई लाख पचाँस हजार मात्र। |
| ४० | बाछे खा.पा मुहान मर्मत | १००००० | एक लाख मात्र। |
| ४१ | कोटवाङ्ग सिचाई पोखरी निर्माण तथा मर्मत | १५०००० | एक लाख पचास हजार मात्र । |
| ४२ | ह्युवाङ्ग खानेपानी ट्याङ्गकी निर्माण | २००००० | दुई लाख मात्र। |
| ४३ | मौलावोट पाछ्वावाङ्ग बहुलाखोला मो.बा स्तरउन्ति | १०००००० | दश लाख मात्र। |
| ४४ | समपुरक योजना संघ र प्रदेश | ११२००००० | एक करोड बाह लाख मात्र। |
| | **जम्मा** | **५५६००००००** | **पाँच करोड छप्पन्न लाखँ मात्र।** |

| सम्पुरक प्रदेश सरकार अन्तर्गतका योजनाहरु | | | |
|---|---|---|---|
| | योजनाको नाम | प्रदेश अनुदान रु. | गा.पा योगदान रु. |
| | खसुडाँडा चिउराबोट जोड्ने मो.बा निर्माण | ७५००००० | ५०००००० |
| | जम्मा | १२५००००० | पचासँ लाख मात्र |

| सम्पुरक संघीय सरकार अन्तर्गतका योजनाहरु | | | |
|---|---|---|---|
| | योजनाको नाम | संघीय सरकार | गा.पा योगदान रु. |
| | घर्तिगाउँ-जगरबोट मो.बा स्तर उन्नति तथा कालोपत्रे | १४२००००० | ६२००००० |
| | जम्मा | २०४००००० | दुई करोड चार लाख मात्र। |

| शाखागत विनियोजन शिर्षक | | | |
|---|---|---|---|
| क.स | विनियोजित शिर्षक | रकम | अक्षरमा |
| १ | महिला तथा वालबालिका विकास शाखा | ८००००० | आख लाख रुपैयाँ मात्र । |
| २ | पशु स्वास्थ्य शाखा | ७००००० | सात लाख रुपैयाँ मात्र । |
| ३ | वास शाखा | ८००००० | आठ लाख रुपैयाँ मात्र । |
| ४ | आयुर्वेद शाखा | ६००००० | छ लाख रुपैयाँ मात्र । |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २१९४००० | एक्काईस लाख चौरानब्बे हजार रुपैयाँ मात्र । |
| ६ | शिक्षा युवा तथा खेलकुद विकास शाखा | २७५००००० | दुई करोड पचहत्तर लाख रुपैयाँ मात्र । |
| ७ | स्वास्थ्य सेवा शाखा | ३०००००० | तीस लाख रुपैयाँ मात्र । |
| ८ | कृषि विकास शाखा | ७००००० | सात लाख रुपैयाँ मात्र । |
| | **जम्मा** | ३६२९४००० | **तिन करोड बैसठ्ठी लाख चौरानब्बे हजार मात्र।** |

**१ नं. वडा**

| वडातर्फ चालुगत बजेट विनियोजन | | | |
|---|---|---|---|
| क.स | विनियोजित शिर्षक | रकम | अक्षरमा |
| १ | पदाधिकारी बैठक भत्ता | २५२००० | दुई लाख बाउन्न हजार मात्र । |
| २ | मसलन्द तथा कार्यालय संचालन सामाग्री | २००००० | दुई लाख मात्र । |
| ३ | पानी तथा बिजुली | ३०००० | तीस हजार मात्र । |
| ४ | ईन्टरनेट खर्च | ५०००० | पचासँ हजार मात्र। |
| ५ | सूचना तथा संचार खर्च | २०००० | बीस हजार मात्र। |
| ६ | ईन्धन कार्यालय प्रयोजन | ३०००० | तिस हजार मात्र। |
| ७ | सवारी साधन मर्मत खर्च | ५०००० | पचाँस हजार मात्र। |
| ८ | महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई यातायता खर्च | ९६००० | छयानब्बे हजार मात्र। |
| ९ | बाल दिवश कार्यक्रम | ५०००० | पचाँस हजार मात्र। |
| १० | तिज तथा पञ्चमी विशेष कार्यक्रम | ५०००० | पचाँस हजार मात्र। |
| ११ | अनुमगन तथा भ्रमण खर्च | २००००० | दुई लाख मात्र । |
| १२ | विपद व्यवस्थापन खर्च | २००००० | दुई लाख मात्र। |
| १३ | अधुरो पञ्चेबाजा तथा अभिमुखीकरण कार्यक्र | १००००० | एक लाख मात्र। |
| १४ | नारी दिवस | ५०००० | पचाँस हजार मात्र। |
| १५ | फोहोरमैला व्यवस्थापन सामाग्री खरिद | ५०००० | पचाँस हजार मात्र। |
| १६ | विवध खर्च | २१८००० | दुई लाख अठार हजार मात्र। |

| | | | |
|---|---|---|---|
| १७ | वडामा सचालन रहेका मोटरबाटो मर्मत पारिश्रमिक खर्च र सामाग्री खरिद | ४००००० | चार लाख मात्र। |
| **जम्मा** | | **२०४६०००** | **बिस लाख छयालिस हजार मात्र ।** |
| **पूँजीगत खर्चका लागि विनियोजित शिर्षक र बजेट** | | | |
| **सामाजिक विकास** | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **विनियोजित रकम** | **अक्षरमा** |
| १ | प्रधानमन्त्रि रोजगार शाखासँग साझेदारी कार्यक्रम | ३००००० | तिन लाख मात्र। |
| २ | घर्तिगाउँ खा.पा स्किम नं.१ मर्मत | १००००० | एक लाख मात्र । |
| ३ | पुजा स्मृति टो.वि संस्था शिसाखानी पेदिखोला थप खा.पा निर्माण | १००००० | एक लाख मात्र। |
| ४ | ढुङ्गे खानी गोरी बाजेथान पाईप खरिद | १००००० | एक लाख मात्र। |
| ५ | हिमाल नर्सरीसँग सामाग्री खरिदमा साझेदारी कार्यक्रम | १००००० | एक लाख मात्र। |
| ६ | लसुने खोलि बाङ्गेताल सिंचाई ट्याङ्की निर्माण | १००००० | एक लाख मात्र। |
| ७ | जलावराताले सिचाई ट्याङ्की मर्मत तथा पाईप खरिद | १५०००० | एक लाख पचाँस हजार मात्र। |
| | **जम्मा** | **९५००००** | **नौ लाख पचाँस हजार मात्र।** |
| **पूर्वाधार विकास** | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | सिलङ्गखोला उपल्लो खामे मो.बा निर्माण | ४००००० | चार लाख मात्र। |
| २ | बल्ले जयलखसे जोड्ने मो.बा निर्माण | १५०००० | एक लाख पचाँस हजार मात्र। |
| ३ | सामुदायिक भवन निर्माण खुपी डाँडा | २००००० | दुई लाख मात्र । |
| ४ | ढोलिपोले आर्यघाट निर्माण | २५०००० | दुई लाख पचासँ हजार रुपैया मात्र । |
| ५ | विशाल स्मृति टो.वि संस्था गाउघर क्लिनिक भवनको अधुरा काम निर्माण | १००००० | एक लाख मात्र। |
| ६ | बल्ले गाउँघर क्लिनीक भवन निर्माण | १५०००० | एक लाख पचाँस हजार मात्र । |
| ७ | पेदा स्याउबोट भौउन जोड्ने मो.बा | ५००००० | पाँच लाख रुपैयाँ मात्र। |
| ८ | दमैखोला खोरबारे खा.पा निर्माण | १५०००० | एक लाख पचाँस हजार मात्र। |
| | **कुल जम्मा** | **१९०००००** | **उन्नाईस लाख मात्र।** |
| **चालु र पूजीगत विनियोजित कुल बजेट** | | **४८९६०००** | **अर्चालिस लाख छयानब्बे हजार मात्र।** |
| **२ नं. वडा** | | | |
| **वडातर्फ चालुगत बजेट विनियोजन** | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | २००००० | दुई लाख रुपैया मात्र। |
| २ | ईन्धन कार्यालय प्रयोजन | ५०००० | पचाँस हजार मात्र। |
| ३ | संचार महसुल | ३०००० | तिस हजार मात्र। |
| ४ | पानी तथा बिजुली | २०००० | बीस हजार मात्र। |
| ५ | पदाधिकारी बैठक भत्ता तथा खाजा | २३०००० | दुई लाख तिस हजार मात्र। |
| ६ | महिला स्वंयम सेविकालाई प्रोत्साहन भत्ता | ५०००० | पचाँस हजार मात्र। |
| ७ | पूर्ण सरसफाई कार्यक्रम | १००००० | एक लाख मात्र। |
| ८ | जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम | ७०००० | सहत्तर हजार मात्र । |
| ९ | आरन व्यवस्थापन कार्यक्रम | २०००० | बीस हजार मात्र। |

| | | | |
|---|---|---|---|
| १० | अभिभावक शिक्षा कार्यक्रम | ५०००० | पचाँस हजार मात्र। |
| ११ | ब्याङ्गखोला स्वास्थ्य ईकाइ केन्द्रमा कार्यालय सहयोगी पारिश्रमिक | ८५००० | पचासी हजार मात्र। |
| १२ | विविध खर्च | २९५००० | दुई लाख पन्चानब्बे हजार मात्र। |
| | **जम्मा** | **१२०००००** | **बाह्र लाख मात्र।** |
| **पूँजीगत खर्चका लागि विनियोजित शिर्षक र बजेट** | | | |
| **सामाजिक विकास** | | | |
| **क्र.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | गोगोन खोरे खानेपानी मुहान मर्मत योजना | २०००० | बीस हजार रुपैयाँ मात्र। |
| २ | बुढाडेरा उजरखोला र शहिदमार्ग गोरेटो बाटो निर्माण योजना | १५०००० | एक लाख पचास हजार मात्र । |
| ३ | स्याङ्गखोला ट्रस्ट आर्यघाट निर्माण योजना | ३००००० | तिन लाख रुपैयाँ मात्र। |
| ४ | दोबाटो खानेपानी पाइप खरिद | २५००० | पच्चीस हजार रुपैयाँ मात्र। |
| ५ | ब्याङ्गखोला स्वास्थ्य ईकाइ केन्द्रमा फर्निचर व्यवस्थापन | ५०००० | पचास हजार रुपैया । |
| | **कुल जम्मा** | **५४५०००** | **पाँच लाख पैतालिस लाख मात्र।** |
| **पूर्वाधार विकास** | | | |
| **क्र.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | तितुमारे ट्याङ्की तथा माजरखोला ट्याङ्की मर्मत योजना | २८०००० | दुई लाख असी हजार रुपैयाँ मात्र । |
| २ | लोसेवाङ्ग टोल विकास संस्थाको शौचालय निर्माण योजना | १००००० | एक लाख रुपैयाँ |
| ३ | गलङ्ग पार्टी लिफ्टिङ्ग ट्याङ्की व्यवस्थापन योजना | १५०००० | एक लाख पचाँस हजार मात्र। |
| ४ | ब्याङ्गखोला स्वास्थ्य आमा समूहको भवन घेरबार र खानेपानी धारा निर्माण योजना | १००००० | एक लाख रुपैयाँ । |
| ५ | ब्याङ्गखोला कृषि मोटरबाटो मर्मत योजना | २५०००० | दुई लाख पँचास हजार रुपैयाँ मात्र । |
| ६ | भोटेखोला मसिना कृषि मो.बा पि.सि.सि.निर्माण योजना | २००००० | दुई लाख रुपैयाँ मात्र । |
| ७ | साझा आ.विको गेट तथा क्यान्टिन निर्माण योजना | १५०००० | एक लाख पचाँस हजार मात्र। |
| ८ | जगरबोट दह गोरेटो बाटो पि.सि.सि निर्माण योजना | १५०००० | एक लाख पचाँस हजार मात्र। |
| ९ | धारखोला खानेपानी घेरबार तथा ढल व्यवस्थापन निर्माण योजना | ७५००० | पचहत्तर हजार रुपैयाँ मात्र । |
| | **कुल जम्मा** | **१४५५०००** | **चौध लाख पचप्पन्न हजार मात्र ।** |
| **आर्थिक विकास, सामाजिक र पूर्वाधार विकास जम्मा** | | **२००००००** | **बिस लाख मात्र ।** |
| **चालु र पूँजिगत बजेट जम्मा** | | **३२०००००** | **बतिस लाख रुपैयाँ मात्र ।** |
| **३ नं. वडा** | | | |
| **वडातर्फ चालुगत बजेट विनियोजन** | | | |
| **क्र.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | पदाधिकारी बैठक भत्ता | २५०००० | दुई लाख पचासँ हजार रुपैया मात्र । |
| २ | पानी बिजुली | ५०००० | पचाँस हजार रुपैयाँ मात्र। |
| ३ | संचार महसुल | २०००० | बीस हजार मात्र । |
| ४ | ईन्धन कार्यालय प्रयोजन | ३०००० | तिस हजार मात्र। |
| ५ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | २००००० | दुई लाख रुपैया मात्र । |
| ६ | स्वास्थ्य चौकि व्यस्थापन खर्च | २५००० | पच्चीस हजार मात्र। |
| ७ | अनुगमन मुल्याङ्कन खर्च | ५०००० | पचाँस हजार रुपैयाँ मात्र। |
| ८ | विवध खर्च | ५०००० | पचाँस हजार रुपैयाँ मात्र। |
| ९ | विवध कार्यक्रम खर्च | ३००००० | तीन लाख रुपैयाँ मात्र। |

| | | | |
|---|---|---|---|
| १० | भ्रमण खर्च | ७५००० | पचहत्तर रुपैयाँ मात्र। |
| | जम्मा | १०५०००० | दश लाख पचाँस हजार मात्र। |
| पूँजीगत खर्चका लागि विनियोजित शिर्षक र बजेट | | | |
| सामाजिक विकास | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता | ५०००० | पचाँस हजार रुपैयाँ मात्र। |
| २ | नारी दिवस | ५०००० | पचाँस हजार रुपैयाँ मात्र। |
| ३ | पूर्ण सरसफाई उन्मुख वडा घोषणा कार्यक्रम | १००००० | एक लाख मात्र। |
| ४ | कुना खोला मुहान संरक्षण | ५०००० | पचाँस हजार रुपैयाँ मात्र। |
| ५ | सितारेखोला कोटबारा चैतुवाङ्ग खा.पा पाईप खरिद | १५०००० | एक लाख पचाँस हजार मात्र। |
| ६ | भार्ते सिंचाई ट्याङ्की मर्मत | १५०००० | एक लाख पचाँस हजार मात्र। |
| ७ | दानिखा खा.पा पाईप खरिद | ५०००० | पचाँस हजार रुपैयाँ मात्र। |
| ८ | विवध खर्च | १५०००० | एक लाख पचास हजार मात्र । |
| | **जम्मा** | **७५००००** | **सात लाख पचाँस हजार मात्र ।** |
| पूर्वाधार विकास | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | दाङ्गखुरी खोला ग्याविन | ५०००० | पचाँस हजार मात्र। |
| २ | जिउला एक घर एक धारा निर्माण | ३००००० | तिन लाख मात्र। |
| ३ | धाराखोला च्यानडाँडा बाटो स्तर उन्नत्रि | १००००० | एक लाख मात्र। |
| ४ | भारे गिरिनी मोटरबाटो निर्माण | ४००००० | चार लाख मात्र। |
| ५ | ने.रा.मा.वि तालावङ्ग गार्डेन निर्माण | ७५००० | पचहत्तर हजार मात्र। |
| ६ | ओखलावाङ्ग रानाडेरा खा.पा एक घर एक धारा निर्माण | ४००००० | चार लाख मात्र। |
| ७ | ने.रा.आ.वि भष्माखोर फर्निचर निर्माण | ७५००० | पचहत्तर हजार मात्र। |
| | **कुल जम्मा** | **१४०००००** | **चौधँ लाख मात्र।** |
| **चालु र पूजीगत विनियोजित कुल बजेट** | | **३२०००००** | **बतिस लाख रुपैयाँ मात्र ।** |
| **४ नं. वडा** | | | |
| **वडातर्फ चालुगत बजेट विनियोजन** | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | पदाधिकारी बैठक भत्ता | २३०००० | दुई लाख तिस हजार मात्र। |
| २ | पानी बिजुली | ३०००० | तिस हजार मात्र। |
| ३ | क्षमता विकासका लागि वडामा विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रम | १५०००० | एक लाख पचाँस हजार मात्र |
| ४ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | १००००० | एक लाख मात्र। |
| ५ | अन्य विवध कार्यक्रम | ३००००० | तिन लाख मात्र। |
| ६ | सवारी साधन मर्मत संभार र ईन्धन कार्यालय प्रोयोजन | ५०००० | पचाँस हजार मात्र । |
| ७ | आधारभूत स्वास्थ्य केन्द्र कार्यालय व्यवस्थापन | ५०००० | पचाँस हजार मात्र। |
| ८ | विवध खर्च | १५०००० | एक लाख पचाँस हजार मात्र । |
| ९ | भ्रमण खर्च (जनप्रतिनिध/कर्मचारी) | १००००० | एक लाख मात्र। |
| | **जम्मा** | **११६००००** | **एघार लाख साठ्ठी हजार मात्र ।** |
| **पूँजीगत खर्चका लागि विनियोजित शिर्षक र बजेट** | | | |
| **सामाजिक विकास** | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | शिक्षण सिकाई अनुदान श्री शिद्धार्थ प्रा.वि रिजावाङ्ग | **७८०००** | **अठहत्तर हजार मात्र।** |
| २ | शिक्षण सिकाई अनुदान श्री सुर्य प्रकाश प्रा.वि सानो बुढागाउ | **७८०००** | **अठहत्तर हजार मात्र।** |
| ३ | शिक्षण सिकाई अनुदान श्री सन्तोष प्रा.वि कुटेचौर | **५२८०००** | **पाँच लाख अठाईस हजार मात्र।** |
| ४ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता | ९०००० | नब्बे हजार मात्र । |
| ५ | शिक्षण सिकाई अनुदान श्री ने.रा.मा.वि आरुवा | ७१५००० | सात लाख पन्धँहजार मात्र। |
| | **जम्मा** | **१४८९०००** | **चौधँ लाख उनान्बे हजार मात्र।** |

| | | | |
|---|---|---|---|
| पूर्वाधार विकास | | | |
| क.स | विनियोजित शिर्षक | रकम | अक्षरमा |
| १ | गणेश मन्दिर निर्माण आयोजना हिगाँडाडाँ | १५०००० | एक लाख पचासँ हजार मात्र। |
| २ | मारिवाङ्ग तथा धारा निर्माण योजना | १५०००० | एक लाख पचासँ हजार मात्र। |
| ३ | आरुवा खलडाँडा घप्पुगोरा ठूलो भिर हिगाँडाडाँ खा.पा निर्माण खरिद आयोजना | २५१००० | दुई लाख एकाउन्न हजार मात्र। |
| | कुल जम्मा | ५५१००० | दुई लाख एकाउन्न हजार मात्र। |
| **चालु र पूजीगत विनियोजित कुल बजेट** | | **३२०००००** | **बतिस लाख रुपैयाँ मात्र ।** |
| **५ नं. वडा** | | | |
| **चालु खर्च** | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | पदाधिकारी बैठक भत्ता र खाजा खर्च | २८०००० | दुई लाख असी हजार रुपैयाँ मात्र । |
| २ | पानी र विजुली | ६०००० | साठ्ठी हजार मात्र। |
| ३ | संचार महशुल | २०००० | बीस हजार मात्र। |
| ४ | मसलन्द तथा कार्यालय सामाग्री | २५०००० | दुई लाख पचास हजार रुपैया मात्र । |
| ५ | मर्मत तथा ईन्धन कार्यालय प्रयोजन | १००००० | एक लाख मात्र। |
| ६ | अनुगमन तथा भ्रमण खर्च | १५०००० | एक लाख मात्र। |
| ७ | विविध कार्यक्रम खर्च | ३००००० | तीन लाख मात्र। |
| ८ | विविध खर्च | १४०००० | एक लाख चालिस हजार मात्र। |
| | **जम्मा** | **१३०००००** | **तेह्र लाख मात्र।** |
| **पुँजीगत** | | | |
| पूर्वाधार विकास | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | लालि गुँरास आमासमूहको भवनमा शौचालय धार निर्माण र व्यवस्थापन | १००००० | एक लाख मात्र। |
| २ | खेल मैदान निर्माण | १५०००० | एक लाख पचासँ हजार मात्र। |
| | **जम्मा** | **२५००००** | **दुई लाख पचाँस हजार मात्र।** |
| | | | |
| सामाजिक विकास | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | ढक खोला ग्याविन जालि निर्माण | ३००००० | तिन लाख रुपैया मात्र। |
| २ | पुल्त्रुम खोला ग्याविङ्ग जाली निर्माण | ३००००० | तिन लाख रुपैया मात्र। |
| ३ | डिपिङ्ग ट्याङ्की निर्माण र औषधी खरिद | १००००० | एक लाख रुपैयाँ मात्र । |
| ४ | कोङ्जाखोला ग्याविन जाली निर्माण | २५०००० | दुई लाख पचास हजार रुपैया मात्र। |
| ५ | ताङ्गधारा एक घर एक धारा निर्माण | २००००० | दुई लाख  रुपैया मात्र। |
| ६ | भौतारी चैपाखोला खा.पा तथा मुहान मर्मत | १५०००० | एक लाख पचासँ हजार रुपैयाँ मात्र। |
| ७ | प्रहरी चौकी रङ्ग रोगन | ५०००० | पचास हजार रुपैयाँ मात्र। |
| ८ | ऐतिहासिक भावाङ्ग मेला व्यवस्थापन | २००००० | दुई लाख मात्र। |
| ९ | नारी दिवस कार्यक्रम संचालन | ६०००० | साठ्ठी हजार मात्र। |
| १० | शिक्षा तथा बालदिवस कार्यक्रम संचालन | १४०००० | एक लाख चालिसँ हजार मात्र। |
| ११ | पूर्ण सरसफाई उन्मुख कार्यक्रम संचालन | १५०००० | एक लाख पचासँ हजार रुपैयाँ मात्र। |
| १२ | बागेश्वरी मा.वि पाछ्यावाङ्ग अत्तिरिक्त क्रियाकलाप संचालन | ५०००० | पचास हजार रुपैयाँ मात्र। |
| १३ | बागेश्वरी मा.वि भावाङ्ग चौर  अत्तिरिक्त क्रियाकलाप संचालन | ५०००० | पचास हजार रुपैयाँ मात्र। |
| | कुल जम्मा | २०००००० | बीस लाख मात्र। |
| आर्थिक विकास | | | |
| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
| १ | कृषि कार्यक्रम संचाल | १००००० | एक लाख मात्र। |

| | | | |
|---|---|---|---|
| २ | मकै विउ उत्पादनका लागि मुल विउ खरिद तथा वितरण कार्यक्रम | १००००० | एक लाख मात्र। |
| ३ | मजबाङ्ग आलु पकेट क्षेत्र निर्माण | १००००० | एक लाख मात्र। |
| ४ | महिला स्वास्थ्य स्वंयम सेविका मासिक यातायात तथा खाजा खर्च | १५०००० | एक लाख पचासँ हजार रुपैयाँ मात्र। |
| ५ | आमा समुहलाई स्टेचर खरिद र वितरण कार्यक्रम | १५०००० | एक लाख पचासँ हजार रुपैयाँ मात्र। |
| ६ | भावाङ्ग स्वास्थ्य चौकीमा फार्मेसी संचालन औषधी खरिद | १५०००० | एक लाख पचासँ हजार रुपैयाँ मात्र। |
| | **जम्मा** | **७५००००** | **सात लाख पचासँ हजार मात्र।** |
| | **चालु र पूँजीगत कुल जम्मा** | **४३०००००** | **त्रिचालिस लाख मात्र।** |

**६ नं. वडा**

**चालुगत खर्च शिर्षक**

| **क.स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
|---|---|---|---|
| १ | पदाधिकारी बैठक भत्ता | १६०००० | एक लाख साठ्ठी हजार रुपैया मात्र। |
| २ | पानी बिजुली | १००००० | एक लाख रुपैया मात्र । |
| ३ | संचार तथा इन्टरनेट महसुल | ४०००० | चालीस हजार रुपैया मात्र। |
| ४ | इन्धन कार्यालय प्रयोजना | ५०००० | पचास हजार रुपैया मात्र। |
| ५ | मसलन्द तथा कार्यालय सामाग्री | २००००० | दुई लाख रुपैया मात्र। |
| ६ | बिबिध कार्यक्रम खर्च | १९०००० | एक लाख नब्य हजार रुपैया मात्र। |
| ७ | अनुगमन तथा मुल्याङ्कन खर्च | ५०००० | पचास हजार रुपैया मात्र |
| ८ | भ्रमण खर्च | ८०००० | असी हजार रुपैया मात्र । |
| ९ | बिबिध खर्च | २००००० | दुई लाख रुपैया मात्र । |
| | **जम्मा** | **१०७००००** | **दश लाख सहत्तर हजार मात्र।** |

**आर्थिक बिकास खर्च**

| **क स** | **बिनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
|---|---|---|---|
| १ | थामिडाडा थुर्पा माडी हान्निङ र पुनथोक टोल बिकास सस्थाहरु का लागि आलुको बिज खरिद बितरण कार्यक्रम | ६०००० | साठी हजार रुपैया मात्र |
| २ | माडी ६ भित्रका टोल बिकास संस्थाहरुका लागि लसुनको बिज खरिद बितरण कार्यक्रम | २१००० | एक्काईस हजार रुपैया मात्र |
| ३ | माडी ६ का किसानहरु लाई सुन्तला र कागतीको बिरुवा खरित बितरण कार्यक्रम | ४०००० | चालीस हजार रुपैया मात्र |
| | **जम्मा** | **१२१०००** | **एक लाख एक्काईस हजार** |

**सामाजिक बिकास खर्च**

| **क स** | **विनियोजित शिर्षक** | **रकम** | **अक्षरमा** |
|---|---|---|---|
| १ | गरिब तथा बिपन्न बालबालिकाहरु लाई शैक्षिक सहयोग कार्यक्रम | १००००० | एक लाख रुपैया मात्र |
| २ | बिभिन्न आन्दोलनमा शहिद तथा बेपत्ता र घाईते परिबारलाई सम्मान कार्यक्रम | ५०००० | पचास हजार रुयैपा मात्र |
| ३ | सुत्केरीहरुको लागि आबश्यक सामाग्री खरिद | ३०००० | तिस हजार रुपैया मात्र |
| ४ | श्री सिद्ध कैलास मा बि मिसिडाडा माडी ६ वार्डीन र बिधार्थीहरुको सहजीकरण अनुदान | १०६४४० | एक लाख छ हजार चार सय चालीस रुपैया मात्र |
| ५ | सुरक्षित नागरिक आवाजको लागि फुसको छानव हताउने कार्यक्रम | १००००० | एक लाख रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| ६ | नि शुल्क अनिबार्य आधारभुत शिक्षाका लागि श्री सिद्ध कैलास मा बि माडी ६ का छात्र  छात्राहरुका लागि आबासीय तथा भोजना खर्च व्यबस्थापन | १२१३८०० | बाह्र लाख तेह्र हजार आठ सय रुपैया मात्र |
| ७ | कोर्चबाङ स्वास्थ्य चौकि भित्र कोठा पाटेसन र प्रिन्टर खरिद | ८३७६० | तिरासी हजार सात सय साठी मात्र |
| ८ | गर्भवती जाचको लागि उत्प्रेरक सामान खरिद | ३०००० | तिस हजार रुपैया मात्र |
| ९ | सामुदायिक महिला स्वास्थ्य स्वयम सेबिकाहरु लाई यातायात खर्च | ६०००० | साठ्ठी हजार रुपैया मात्र |
| १० | गर्भवती तथा सुत्केरी जेष्ठनागरिक शहिद परिबार र घाईते अपाङ्ग लाई नि शुल्क एम्बुलेन्स सेवा | १५०००० | एक लाख पचास हजार रुपैया मात्र |
| ११ | दलित र गैर दलित समुदायका लागि सचेतना कार्यक्रम | ४५००० | पैचालीस हजार रुपैया मात्र |
| १२ | पुर्ण सरसफाईयुक्त वडाका लागि अभिमुखिकरण कार्यक्रम | ४०००० | चालीस हजार रुपैया मात्र |
| १३ | पशु पन्छीको लागि आबश्यक औषधि खरिद | २०००० | बिस हजार रुपैया माब |
| | **जम्मा** | **२०२९०००** | **बिस लाख उन्नतिस हजार रुपैया मात्र** |
| **चालु र पुँजीको कुल जम्मा रकम** | | **३२२००००** | **बतिस लाख बीस हजार मात्र।** |
| | | | |
| **खर्च अनुमान** | | **१९२७६१४६८** | **उन्नाइस करोड उन्तिस एक सठ्ठी हजार चार सय अर्सठ्ठी मात्र।** |
| **स्रोत अनुमान** | | **१८८९९४९६८** | **अठार करोड उनानब्ब लाख चारा नब्ब हजार नौ सय अर्सठ्ठी मात्र।** |
| **घाटा बजेट** | | **३७६६५००** | **सर्तिस लाख छैसठ्ठी हजार पाँच सय मात्र।** |

चालु आ.वमा खर्च हुन बाँकी भई अल्या हुने रकम विगतको प्रवृतिको विश्लेषणका आधारमा अनुमान गरेको भन्दा बढि हुन सक्ने देखिएकोले सो बाट बढि हुने रकम र आगामी आ.व मा ठेक्का घटबाट बाँकी हुने रकमबाट माथि उल्लेखित बमोजिमको घाटा बजेट पूर्ति गर्ने व्यवस्था मिलाईनेछ ।